परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

❑ वर्ष ९ ❑ अंक ३६ २०७७ चैत २९ गते आईतवार Sunday 11, APR, 2021 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## फर्निचरमा चोरी गरेको आरोपमा चार जना पक्राउ


फर्निचर उद्योगमा चोरी गरेको आरोपमा पक्राउ परेका फर्निचर बनाउने समान सहित सार्वजनिक गर्दै ।

बिराटनगर । मोरङको कटहरी गाउँपालिका वडा नं. १ मा संचालित जय बैष्णु फर्निचर उद्योगमा चोरी गरेको आरोपमा ४ जनालाई जिल्ला प्रहरी कार्यालय मोरङले पक्राउ गरेको छ ।

जहदा गाउँपालिका वडा नं. ४ का रतन कुमार कोईरीले संचालन गर्दे आएको उक्त फर्निचर उद्योगमा चैत्र २१ गते राती चोरी भएको भन्ने जानकारी पाए लगत्तै चोरीमा संग्लग्न ब्यक्तिहरुको खोजतलासमा खटिएको प्रहरी टोलीले ४ जनालई पक्राउ गरेको थियो ।

पक्राउ पर्नेहरुमा बिराटनगर महानगरपालिका वडा नं. ८ का २३ बर्षीय लक्ष्मी यादव, २२ बर्षीय अर्जुन मुखिया, २७ बर्षीय धर्मेन्द्र राय र २२ बर्षीय दिपेश कुमार राय रहेका थान, पानी तान्ने मोटर १ थान र विभिन्न हाते औजारहरु चारी गरेका थिए ।

चोरीका समान सहित बिराटनगर महानगर पालिका वडा नं. ८ बाट चैत्र २४ गते पक्राउ परेका हुन् । उनीहरुको सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

त्यसैगरी मसला चोरीमा संलग्न भएको आरोपमा प्रहरीले तीन जनालाई पक्राउ गरेका छन् ।

जिल्ला मोरङ बुढिगंगा गाउँपालिका वडा नं. ३ शान्ति चोकमा रहेको सेन्चुरी मसला उद्योगबाट मसला चोरी गरेको आरोपमा तीनीहरुलाई पक्राउ गरेका हुन् ।

पक्राउ पर्नेमा जिल्ला मोरङ बुढिगंगा गाउँपालिका वडा नं. ६ सखुवाटोकी बस्ने बर्ष २५ को सुरज चौधरी र जिल्ला संखुवासभा धर्मदेवी नगरपालिका वडा नं. २ तामाफोक बस्ने बर्ष ३७ को जितेन बिकले १५ बोरा सेन्चुरी मसला चोरी गरी दुहवी नगरपालिका वडा नं.-५ दुहवी वजारमा रहेको माँ भगवती किराना पसलमा वेच्न लगेका अवस्थामा पक्राउ गरेको थियो ।

जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले उक्त चोरीको मसला खरीद गर्ने पसलका संचालक सोही वतन घरमा बस्ने बर्ष ४२ को सन्तोष साहल समेतलाई पक्राउ गरी जिल्ला प्रहरी कार्यालय मोरङमा ल्याई चोरी कसूरमा थप अनुसन्धान कार्य भई रहेको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ ।

## जबरजस्ती करणी र उद्योग मुद्दाका फरार प्रतिवादी पक्राउ

बिराटनगर । जबरजस्ती करणी मुद्दाका १ जना तथा जवरजस्ती करणी उद्योग मुद्दाका २ जना फरार रहेको प्रतिवादीहरुलाई प्रहरीले पक्राउ गरेको छ ।

घटनाको विवरण अनुसार सम्मानित जिल्ला अदालत मोरङको मिति २०६८ साल मंसिर २६ गतेको फैसलाले जवरजस्ती करणी मुद्दामा २ बर्ष ६ महिना कैद सजाय तोकी हालसम्म फरार रहेका प्रतिवादी जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. १५ रानी बस्ने बर्ष ४० को दिनेश साहलाई प्रहरीले पक्राउ गरको छ ।

जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले मंगलवार विराटनगर महानगर पालिका वडा नं.-१५ स्थित २ नं. ढाटबाट पक्राउ गरी सम्मानित जिल्ला अदालत मोरङमा बुझाईएको छ ।

त्यसैगरी चैत १२ गते जिल्ला मोरङ कटहरी गाउँपालिका वडा नं. १ स्थित आफ्नै मदिरा पसलमा

वांकी अन्तिम पेजमा...

## महासंघको अध्यक्षमा पोखरेल

बिराटनगर । नेपाल पत्रकार महासंघको केन्द्रिय अध्यक्षमा विपुल पोखरेल निर्वाचित भएको छ । पोखरेलको निकटतम प्रतिद्वन्द्वी निर्मला शर्मालाई तीन हजार भन्दा बढी मतले पराजीत गर्दै पोखरेल विजय भएका हुन् ।

पोखरेलको प्यानलमा प्रेस युनियन नेपाल, नेकपा माओवादी केन्द्र निकट प्रेस संगठन नेपाल र नेकपा एमालेको माधव नेपाल समूह निकट प्रेस चौतारीसहित ११ संगठनको गठबन्धन रहेको थियो । अध्यक्षको उम्मेदवार बनेका पोखरेलले ६ हजार ९४२ मत प्राप्त गरी विजय भएको छ ।एमालेको ओली समूह निकट प्रेस चौतारी, जनता समाजवादी पार्टीसम्बद्ध प्रेस मञ्च, नेकपा विप्लव समूह समर्थित जनपत्रकार संघसहित ९ वटा संघको तर्फबाट अध्यक्षको उम्मेदवार बनेकी शर्माले ३ हजार ९१५ मत पाएकी छन् ।

पदाधिकारीमा विपुलकै प्यानलका उम्मेदवार निर्वाचित भएका छन् । वरिष्ठ उपाध्यक्षमा रमेश विष्ट, महिला उपाध्यक्षमा बाला अधिकारी, समावेशी उपाध्यक्षमा उदय जीएम निर्वाचित भएका छन् ।

त्यसैगरी महासचिवमा रोशन पुरी, खुला सचिवमा गोविन्दप्रसाद चौलागाईं, महिला सचिवमा सृजना

वांकी अन्तिम पेजमा...

## तस्करीको घटनालाई नियन्त्रण गर्न सफल

विराटनगर । मानव तसकरीका घटनालाई विभिन्न संघसंस्थाहरुको सहयोग र सहकार्यमा प्रहरीले नियन्त्रणमा लिन सफल भएको छ । प्रदेश नं. १ मा महिला तथा बालकालिकाहरुलाई ललाई फकाई र विभन्न किसिमको प्रलोभनहरु दिएर मानव तस्करीको कार्य भई रहको तथ्यांकहरुले देखाउँछ ।

नेपालको सिमानाका कटाएर अर्को मुलुक पुर्याउने गरिएका घटनालाई नियन्त्रणमा लिन सुरक्षा निकाय सफल देएिको छ । हालको अध्ययन एवं अनुसन्धानबाट मानव तस्करी, ओसारपसार एवं बेचबिखनका घटना अहिले आएर कम भइरहेको पुष्टि भएको छ ।

नेपाल प्रहरी र सशस्त्र प्रहरी बल लगायत विभिन्न संघ संस्थाको पहल एवं सक्रियतामा मानव तस्करी नियन्त्रणमा सफलता मिलिरहेको छ । सरकारले अपनाएका विभिन्न उपाय, कडा कानुन, कारबाहीमा तदारुकता, जनचेतना मुलक अभियान तथा कार्यक्रमहरु, निगरानी बढाएर सीमा नाकामा अपनाइएको उच्च सतर्कता, सबै पक्षबीचको सहकार्य र समन्वय एवं अपराधविरुद्धको जागरुकता लगायतले यस्ता घटना नियन्त्रणमा मद्धत पुगिरहेको विश्लेषण गरिएको छ ।

तस्करीमा संलग्नलाई कानुनी कारवाहीको दायरामा ल्याएको कारण मानव तस्करीका घटना र यस्ता अपराधबाट पीडित हुने तथा घटना गराउनेको सङ्ख्या पनि घट्दै गइरहेको छ ।

प्रदेश नं. १ को १४ जिल्ला मध्ये भारतसँग खुला सीमा जोडिएका तराईका तीन जिल्ला सुनसरी, मोरङ र झापाबाट सबैभन्दा बढी महिला तथा बालिकाको तस्करी हुने गरेको पाइएको छ । प्रदेश १ प्रहरी कार्यालय विराटनगरका प्रवक्ता एसपी महेन्द्रकुमार श्रेष्ठका अनुसार गिरोहले नेपालका विभिन्न स्थानका महिला एवं बालिकालाई अनेक

वांकी अन्तिम पेजमा...

तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक
कोशी अस्पताल को अगाडी, विराटनगर
बिरामीहरूको लागि खुशीको खबर !!
ल्याब जाचमा ५०% सम्मको छुट
सम्पर्क नं. ९८४१३४८६४७ ९८१३२५४४७५
1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...
नि:शुल्क सुगर जाँच
यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ ।
समय: विहान ७:०० बजेदेखि दिउँसो १२:०० बजेसम्म ।

SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277
Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
पू.क्षे.हु.नि.मोरंग द.न. ०१/०७३/७४

## कोरोना..

प्रतिशतभन्दा धेरै भएको छ। पाकिस्तान र नेपालमा पनि दैनिक संक्रमण दर उकालो लाग्दै गएको छ। दुई हप्ता अघि ३ प्रतिशत रहेको नेपालको पोजिटिभिटी हुने दर पछिल्लो समय ५ प्रतिशतभन्दा माथि पुगेको छ। स्मरण रहोस्, डब्लुएचओका अनुसार पोजिटिभ हुने दर ५ प्रतिशतभन्दा धेरै भए प्यान्डेमिक अनियन्त्रित भएको मानिन्छ।

चित्र(५ मा दक्षिण एशियाली देशहरूको हालसम्मको समग्र मृत्युदर देखाइएको छ। यसअनुसार अफगानिस्तानमा सबैभन्दा धेरै प्रत्येक १०० कोरोना संक्रमितमध्ये ४.४२ (हजारमा ४४) जना मर्ने गरेका छन्। यो दर नेपालमा करीब १ प्रतिशत छ। भूटान विश्वमै सबैभन्दा कम कोरोना मृत्युदर भएको देशमा पर्दछ।

यसरी विश्वमा कोरोना प्यान्डेमिकको कैयौं लहर, दक्षिण एशियामा दोस्रो लहर र नेपालमा फेरि नयाँ लहर शुरू भइरहेको बेला सकेसम्म धेरै परीक्षण गरी संक्रमित पत्ता लगाउनुपर्दछ। अरूमा सजिलै संक्रमण सार्न सक्ने भएकोले लक्षण नभएका संक्रमित (क्यारिअर) हरूको पहिचान(व्यवस्थापन गरेर यो प्यान्डेमिक नियन्त्रण गर्नुको विकल्प छैन।

(डा.श्रेष्ठ बी एण्ड बी अस्पतालका प्रमुख कन्सल्टेन्ट न्यूरोसर्जन तथा कोभिडविज्ञ हुन्।) अनलाईन खबरबाट

## चट्याङमा...

घाईते भएकी उनको जिल्ला अस्पताल ईनरुवा उपचार भईरहेको छ भने ओखलढुंगा सिद्धिचरण ६ बस्ने १५ बर्षीया रश्मिता मगर घर भित्र रहेको अवस्थामा चट्याङमा परी घाईते भई मिशन अस्पताल ओखलढुंगामा उपचार भईरहेको छ।

## जबरजस्ती...

बसी रहेको अवस्थामा जिल्ला मोरङ कटहरी गाउँपालिका वडा नं.१ आदर्श टोल बस्ने बर्ष अन्दाजी २५ को अवधेश राय र बर्ष २४ को गणेश दासले पसलभित्र प्रवेश गरी परिवर्तित नाम विराटनगर १८९ लाई जवरजस्ती करणी उद्योग गरी फरार रहेको थियो।

जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले मंगलवार जिल्ला धनकुटा भेडेटार बजारबाट पक्राउ गरी जवरजस्ती करणी उद्योग कसूरमा थप अनुसन्धान कार्य भई रहेको प्रहरील जनाएको छ।

## महासंघ..

अर्याल र समावेशी सचिवमा नारायण किलम्बु र एशोसिएट सचिवमा पवन आचार्य निर्वाचित हुँदा कलेन्द्र सेजुवाल कोषध्यक्ष र लेखनाथ न्यौपाने लेखा समिति संयोजक चुनिएका छन्।

## तस्करीको..

प्रलोभनमा पारेर नाका कटाउँदै भारत तथा तेस्रो मुलुकसम्म लैजाने गरेको पाइन्छ। उहाँका अनुसार अनुसार आर्थिक वर्ष २०७५/०७६ मा भएका ५१ वटा मानव तस्करीका घटनामा २१ बालिका र ३५ महिला गरेर ५६ जना पीडित भएका थिए।

आर्थिक वर्ष २०७६/०७७ मा यस्ता घटनामा निक्कै कमी भएको देखिन्छ। उक्त आर्थिक वर्षमा २६ वटा मात्रै मानव तस्करीका घटना भए। जसमा पाँच बालिका र २९ महिला गरेर ३४ जना पीडित बनेका छन्। चालु आर्थिक वर्ष २०७७/७८ को हालसम्मको तथ्यांकले पनि अघिल्लो वर्षको भन्दा मानव तस्करी घटेको देखाउँछ। चालु आवको हालसम्म प्रदेशमा मानव तस्करीका १४ वटा मात्रै घटना भएका छन्। घटनामा आठ बालिका र ११ महिला गरेर १९ जना पीडित बनेको तथ्यांक छ।

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
श्याम सुन्दर सुतिहार (महासचिव)
नेपाल बढई कल्याण समाज
केन्द्रिय परिवार

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
अमृत अर्याल
नेता नेपाली कांग्रेस




## पार्टीलाई बलियो बनाउन जिल्ला कमेटी गठन

विराटनगर। नेकपा (एमाले-नेपाल समूह)का अध्यक्ष माधवकुमार नेपालले पार्टीलाई बलियो बनाउन विभिन्न जिल्लामा संगठन विस्तार गरेको बताउनु भएको छ। विराटनगर विमानस्थल मा आज सञ्चारकर्मी हरुसँग कुरा गर्दै जिल्लामा गठन हुने कमिटीहरुबाट पार्टी फुटाउने होइन यसबाट कार्यकर्ताहरुमा उत्साह थपिनुका साथै र पार्टी एकतावद्ध हुने धारणा राख्नु भयो।

नेता नेपालले पार्टीले लोकतान्त्रिक सङ्घीयताको मूल्य र मान्यताका कायम राखी मुलुकमा सुशासन सहित जनताको जीवनस्तर उकास्ने कार्यमा जिल्ला दौडाहा कार्यमा लागेको विचार व्यक्त गर्नु भयो। पूर्वप्रधानमन्त्री नेपालले अदालतको आदेश आफुले सम्मान गर्ने बताउँदै पार्टी विसं २०७५ जेठ २ गते आगाडि सबै निर्वाचित सबै पदाधिकारी कायम रहनु पर्नेमा जोड दिनु भयो।

एक प्रश्नको जवाफमा उहाँले प्रदेश सरकार विरुद्ध ल्याएको अविश्वास फिर्ता केही वाध्यताका कारण भएको बताउनु भयो। अध्यक्ष नेपालले बर्तमान पार्टी नेतृत्वले कार्यकर्ताको मनोवल घटाएको, संगठन छिन्नभिन्न बनाएको आरोप लगाउदै सबै कार्यकर्तालाई एकतावद्ध गरी सुदृढ पार्टी बनाउने दावी समेत गर्नु भयो।

तीनै तहका सरकार जिम्मेवार :
अन्त्य गरौं लैंगिक हिंसा र दुर्व्यवहार
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधी मन्त्रालय
सूचना तथा प्रसारण विभाग

अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल
सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौ वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार दोस्रो वर्षमा प्रवेश गर्नुका साथै हाल ढाड तथा नशा रोग, painless प्रसुती सेवा, Emergency सेवा नया एंव अध्याधिक भरपर्दो (ICU/MICU,NICU) तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौ।
हाम्रो सेवाहरु :-
★ स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
★ रोग सम्वन्धी (PICU,NICU With Ventilator) सेवा
★ जनरल फिजिसियन सेवा
★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्वन्धी सम्पूर्ण सेवा
★ Minor & Major surgery सेवा
★ Laparoscopic surgery (दुरवीन द्धारा अप्रेशन) सेवा
★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
★ 24 Hours Emergency सेवा
★ विशेष डाक्टरहरु द्धारा ओ.पि.डी. सेवा
★ २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
★ इनफर्टिलिटी क्लिनिक सेवा
★ X–Ray, ECG,ECHO,USG,HSG,Cystoscopy
सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशकःश्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउटःविजय कु.मण्डल मुद्रकःबाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेलःcrimeopration@gmail.com

## सम्पादकीय

# पूर्वाधार विकासमा कर्मचारी र ठेक्कादारको मनपरी

नेपालमा हुनेको भौतिक पूर्वाधार विकासका कामहरुमा कर्मचारी र ठेकेदारको सेटिङ्गमा हुने गरेको कामहरु गुणस्तर हीन हुने गरेको गुनासोहरु आउनु हाम्रो लागि नौलो पनि होईन । भौतिक निर्माणको कार्यको टेन्टरको विज्ञापन निकाल्ने देखि नै कर्मचारीहरुको सेटिङ्ग शुरु हुन्छ । त्यो सेटिङ्ग निर्माण कार्य सम्मपन्न नभए सम्म चलि रहंदा निर्माणका जम्मा जम्मी ४० प्रतिशत मात्र हुन्छ भने साठी प्रतिशत रकम कमिसनमा जाने गरेको छ । केही ठेक्कादार कम्पनीहरुले जसरी पनि ठेक्का पार्ने पर्ने हुन्छ जसको लागि सबभन्दा कम लागतमा बनाउन पनि तयार हुन्छ । नेपालको कानुन अनुसार सबभन्दा कम लागतमा निर्माण सम्पन्न गर्ने कम्पनीलाई त्यो ठेक्का दिनु पर्ने कानुनी बाध्यता रहेको छ । ठेकेदारले ठेक्का पारेपछि आफ्नो भागमा कति पैसा पर्छ भनेर हिसाब गरेर बस्ने अर्कोथरि समूहका कारण विकासका काम नराम्ररी प्रभावित हुने गरेका छन् । जसले गर्दा कतिपय विकास निर्माणका कार्यहरु बन्न नसकेर आधा अधुरोमा अड्की रहेका छ त्यसलाई हेर्ने कुनै निकाय छैन । ती सेटङ्ग गर्ने कर्मचारी र ठेकदार कम्पनीलाई कारवाहीको दायरामा ल्याउनै पर्छ ।

यी माथि उल्लेख गरेका समस्याहरु एक ठाउँमा मात्र छैन नेपाल अधिराज्य भरी फैलिएको छ । विकास निर्माणका कार्यहरु चाहे संघिय बजेटको होस, प्रदेशको होस वा स्थानीय तहको हो तीनवटै निकायहरुमा विकास निर्माणका कार्यहरुमा व्यापक घोटाला भई रहको छ । अहिले निर्माण भई रहेको हुलाकी राजमार्गमा काम त द्रुत गतिमा भई रहेको छ तर गुणस्तर भने छैन । त्यसका अनुगमन गर्ने निकाय समेत मौन बसेको छ । काममा जनताले बढी दवाव सिर्जना गरेका ठेकका दार कम्पनीले कामै छोडेर जान समेत धम्की दिने गरेको छ । स्थानीय तहमा भएको बाटो घाटोका कामहरु, नालाहरु, पीचहरु वर्ष भरी नपुग्दै भत्किने गरको छ । सडक निर्माणदेखि स्तरोन्नतीको क्रममा हुने गरेको अनियमितता पनि उस्तै छ । सरकारी भवन निर्माणका क्रममा हुने गरेको आर्थिक घोटालाको चर्चा गरिसाध्य छैन । यही अवस्था दोहोरिरहने हो भने विकास निर्माणको नाममा सरकार पैसा खन्याइरहने तर उक्त पैसाले विकासका कामभन्दा ठेकेदार र बिचौलिया कम्पनी मात्रै मोटाउने भएको छ ।

सरकारले गरेको भौतिक पूर्वाधार निर्माण कार्यमा देखिएको कर्मचारी र ठेक्कादार कम्पनीहरुले देखाएको विकृतीहरु रोक्ने कार्ययोजना बनाउन जरुरी छ । भौतिक संरचना तथा आयोजना निर्माणको क्रममा कमसल सामग्री प्रयोग गर्ने, तोकिएको समयमा काम नगर्ने ठेकेदार कम्पनीलाई कडा कारबाही हुनुपर्छ । विकास निर्माणमा संलग्न रहेका सरकारी कार्यालयका कर्मचारी र ठक्केदार कम्पनीका कर्मचारी यदि गल्ती गरेको छ वा निर्माणमा कम असल सामग्री प्रयोग गरेको छ भने कडा भन्दा कडा कारवाही गरी मानसिकतामा परिवर्तन ल्याउन आवश्यक

# साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ । मनोरञ्जन र भ्रमणको योग छ ।**

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : युवा वर्गका लाीगि रमाइलो वातावरणको अवसर मिल्ने छ । इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : युवावर्गका लाीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन । बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला । काममा विघ्न वाधाहरु आउन सक्नेछन ।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू) : बुद्धिको प्रभावले ठुला–ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ । मित्रहरको सहयोग राम्रो रहने छ ।

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ । व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ ।

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ । महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ ।

**कुम्भ** (गु, गे, गो, सा, सी, सु, से, सो, द) :**सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला । भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

# कोरोना संक्रमण दर ५ प्रतिशत नाघे अनियन्त्रित हुन्छ

डा. प्रवीण श्रेष्ठ

विश्वमा कोरोना संक्रमण शुरू भएको करीब डेढ वर्ष भइसकेको छ र यसको आतंक हाल पनि जारी छ । यस वर्षको अप्रिल पहिलो हप्तासम्म विश्वमा १३ करोडभन्दा धेरैलाई कोरोना संक्रमण भइसकेको छ भने साढे २९ लाखभन्दा धेरैले यसैका कारण आफ्नो ज्यान गुमाइसकेका छन् ।

यस दौरान विश्वमा कोरोना प्यान्डेमिकको कैयौं लहर आइसकेका छन्, अझै कैयौं लहर आउन बाँकी छ होला । यसका लहरहरू विश्वका सबै ठाउँमा एकैनासका या समान छैनन् । ठाउँ र भौगोलिक अवस्था हेरी कतै दोस्रो, कतै तेस्रो त कतै चौथो लहर आइसकेको छ ।

अहिले विश्वमा प्यान्डेमिकको तेस्रो लहर छ भनिए पनि यो वास्तवमा कतिऔं लहर हो यकिन साथ भन्न गाह्रो छ । विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) को तथ्यांकले कोरोनाको वर्तमान लहरलाई चौथो जस्तो देखाउँछ । पहिलो लहर २०२० मार्च(अप्रिलतिर आएको थियो । त्यो बेला विश्वभर दैनिक करीब ९० हजार मानिस संक्रमित भएका थिए ।

दोस्रो लहर जुलाई(अगस्ततिर शुरू भई दैनिक करीब २५ हजार नयाँ संक्रमित देखा परे । नोभेम्बरतिर शुरू भएको तेस्रो लहर डिसेम्बर(जनवरीतिर 'पिक' मा पुग्यो । त्यो बेला दैनिक संक्रमण ८० हजार धेरै पुगेको थियो । फेब्रुअरीतिर तेस्रो लहर ओरालो लागी दैनिक नयाँ संक्रमणको संख्या झन्डै आधा जतिमा सीमित भइसकेकोमा गएको महिना अर्थात् मार्चदेखि चौथो लहर शुरू भएको छ ।

तथ्यांकहरूका अनुसार पहिलो भन्दा दोस्रो लहर करीब तीन गुणा र दोस्रोभन्दा तेस्रो लहर करीब तीन गुणा ठूलो थियो । यसैगरी चौथो लहर बढ्दै गयो भने निश्चय पनि तेस्रोभन्दा तीन गुणा ठूलो नभए पनि पक्कै पनि ठूलो चाहिं हुन्छ । त्यसपछि विश्व र सम्पूर्ण मानव जातिको अवस्था के होला हाम्रो कल्पनाभन्दा बाहिर हुन सक्दछ । सिंगो विश्वले जान्नु र बुझ्नुपर्ने कुरा यही हो ।

विश्वमा प्यान्डेमिक बढ्नुमा अमेरिकाज (उत्तर, सेन्ट्रल तथा दक्षिण अमेरिका) को सबैभन्दा ठूलो योगदान रह्यो । विश्वको प्यान्डेमिक लहर अमेरिकाजको प्यान्डेमिक लहरको आकारसँग मिल्दो जुल्दो छ । युरोपमा प्यान्डेमिकको आकार निकै फरक छ । युरोपमा गत वर्ष जनवरी अन्त्यमा पहिलो कोरोना संक्रमण देखा परेको दुई महिनापछि प्यान्डेमिक उच्च बिन्दुमा पुग्यो । त्यो बेला दैनिक ३० हजारदेखि ४० हजारसम्म नयाँ संक्रमण देखा परे । त्यसपछि दैनिक संक्रमण केही घटेर अगस्ट अन्त्यसम्म स्थिर रहेकोमा एक्कासी दैनिक रूपमा ठुलो वृद्धि भई पहिलो लहर भन्दा ७(८ गुणा धेरै संक्रमण देखिन थाले । केही तल(माथि भए पनि हालसम्म यही क्रम निरन्तर छ युरोपमा ।

अफ्रिकामा प्यान्डेमिकको शुरुआती अवस्थामा संक्रमण संख्या न्यून रहे पनि गत वर्ष जून( जुलाईतिर पहिलो लहर देखा परेको थियो । त्यो बेला दैनिक संक्रमण २० हजारभन्दा कम थियो । डिसेम्बर र यसै वर्ष जनवरीतिर दोस्रो लहर देखा पर्दा संक्रमण दर पहिलोभन्दा करीब डेढ गुणा बढी देखियो । अफ्रिकामा पहिलो र दोस्रो लहरबीचमा दैनिक संक्रमण चारहजार जति पुगेको थियो । हाल त्यहाँ संक्रमणमा कमी आए पनि पहिलाको भन्दा धेरै अर्थात् दैनिक ८(१० हजार छ ।

दक्षिण एशियामा भने अहिले कोरोना प्यान्डेमिकको दोस्रो लहर छ । यस क्षेत्रमा देशैपिच्छे प्यान्डेमिकका लहरहरू फरक फरक भए तापनि समग्रमा वर्तमान दोस्रो लहर यसै वर्ष मार्चमा भएको देखिन्छ । त्यो बेला दैनिक करीब २० हजारदेखि २५ हजारसम्म नयाँ संक्रमण देखिन्थे ।

दक्षिण एशियामा गत वर्षको अप्रिल(मेबाट बढ्न थालेको प्यान्डेमिक सेप्टेम्बरसम्म दैनिक करीब ९० हजार पुगेको थियो । तत्पश्चात् घट्दै जाने क्रममा यसै वर्ष फेब्रुअरीतिर दैनिक संक्रमण दर २० हजारदेखि २५ हजारसम्म रहेकोमा दोस्रो लहर निरन्तर लम्बिइरहेको छ ।

पछिल्लो समय दक्षिण एशियामा दैनिक करीब १० हजार नयाँ संक्रमण देखापरिरहेको छ, जुन पहिलो लहरभन्दा ठूलो हो । यही गतिमा नयाँ संक्रमण देखिए यस क्षेत्रमा पहिलोभन्दा दोस्रो लहर निकै ठूलो हुने निश्चित छ ।

दक्षिण एशियामा प्यान्डेमिकको भार बढ्नुमा सबैभन्दा ठूलो योगदान भारतको रह्यो । दक्षिण एशियाभरको प्यान्डेमिक लहर भारतकोसँग मिल्दोजुल्दो छ । यो क्षेत्रमा अप्रिल ५ सम्म कुल १४ लाख ४७ हजार ५३० जना संक्रमित भइसकेका छन् भने एकलाख ९५ हजार ९१३ जनाले ज्यान गुमाइसकेका छन् (हे. चित्र(१) ।

त्यस्तै, चित्र(२ मा दक्षिण एशियाली देशहरूको २०२१ एप्रिल ५, सम्मको जम्मा कोरोना मृत्यु अनुपात देखाइएको छ । जसअनुसार मृत्यु पनि भारतमा सबैभन्दा अधिक ८५ प्रतिशत देखिन्छ । संक्रमण र मृत्यु दुवैको हिसाबले नेपाल दक्षिण एशियामा चौथो स्थानमा छ । हालसम्म ८९१ जनामा मात्र कोरोना संक्रमण देखा परेको भूटानमा एक मात्र मृत्यु भएको छ ।

भारतमा कोरोना प्यान्डेमिकको पहिलो लहर गत वर्ष सेप्टेम्बर मध्यतिर 'पिक' मा पुग्दा दैनिक नयाँ संक्रमण करीब ९७ हजार जति थियो । अहिले दैनिक संक्रमण एक लाखभन्दा धेरै पुगिसकेको छ ।

त्यस्तै, बंगलादेशमा कोरोना प्यान्डेमिकको पहिलो लहर गत वर्ष जूनको अन्त्यतिर उच्च बिन्दुमा पुग्दा दैनिक नयाँ संक्रमण करीब ३ हजार ७०० जति थियो, अहिले दोस्रो लहरमा दैनिक ७ हजार भन्दा धेरै नयाँ संक्रमण देखिन थालेको छ ।

त्यस्तै, पाकिस्तानमा गत वर्ष जूनको मध्यतिर प्यान्डेमिक उच्च हुँदा दैनिक करीब ६८ हजार नयाँ संक्रमण देखिन्थे भने अगस्टको अन्त्यमा पहिलो लहर निकै न्यून हुँदा दैनिक दुई(तीन सय नयाँ संक्रमण देखिएका थिए । अक्टोबरको अन्त्यतिर दोस्रो लहर शुरू भई डिसेम्बरको अन्त्यमा उच्च बिन्दुमा पुग्दा दैनिक झन्डै ३ हजार ८०० नयाँ संक्रमित देखिए । पाकिस्तानमा हाल तेस्रो लहर शुरु हुँदा दोस्रो लहरभन्दा माथि दैनिक ४ हजारभन्दा धेरै नयाँ संक्रमित देखिन थालेको छ ।

श्रीलंका र माल्दिभ्समा हालसम्म प्यान्डेमिक लहरको निश्चित आकार नभए पनि दैनिक संक्रमण तल(माथि हुँदै पछिल्लो समयमा संक्रमण दर बढ्दै गएको छ । भूटानमा पनि पछिल्लो समयमा दैनिक जसो नयाँ संक्रमण देखा परिरहेको छ । अप्रिल १ मा एकैदिन १३ नयाँ संक्रमित देखा परेका थिए ।

नेपालमा कोरोना प्यान्डेमिकको पहिलो लहर गत वर्ष अक्टोबरको तेस्रो हप्तामा उच्च बिन्दुमा पुग्दा दैनिक नयाँ संक्रमण करीब ५ हजार ७०० जति देखिएकोमा अहिले दोस्रो लहरमा दैनिक २५० जति देखिएको छ । यो बढ्दो क्रममा छ ।

संक्रमण संख्या दैनिक गरिने परीक्षणको दरमा भर पर्दछ । भारतमा हाल दैनिक १० लाखभन्दा धेरै परीक्षण गर्ने गरिएको छ भने नेपालमा दैनिक करीब ४ हजार मात्र । त्यस्तै पाकिस्तानमा दैनिक ४० हजार, बंगलादेशमा ३५ हजार परीक्षण गरिंदैछ । परीक्षण कति गर्ने भन्ने कुरा जनसंख्या, प्यान्डेमिकको अवस्था, डब्लुएचओको निर्देशिका आदिमा पनि भर पर्ने हुनाले केवल परीक्षणको संख्याले मात्रै त्यति अर्थ राख्दैन । यद्यपि, परीक्षणको संख्याले पनि प्यान्डेमिकमा ठूलो महत्व राख्दछ । भूटान र माल्दिभ्समा जनसंख्याको हिसाबले निकै धेरै परीक्षण गर्ने गरिएको छ भने अफगानिस्तानमा निकै कम ।

चित्र(३ मा दक्षिण एशियाली देशहरूमा पछिल्लो समय कोरोनाको दैनिक नयाँ संक्रमणको प्रवृत्ति देखाइएको छ । पछिल्लो दुई हप्तामा भारतमा दैनिक संक्रमण निकै बढेको चित्रमा देखिन्छ । दुई हप्ताअघि दैनिक करीब ४० हजार संक्रमण हुने गरेको भारतमा पछिल्लो समय यो दर एक लाख हाराहारीमा पुगेको छ ।

चित्र(४ ले दक्षिण एशियाली देशहरूमा पछिल्लो अवस्थामा दैनिक संक्रमण, प्रति १०० परीक्षणमध्ये पोजिटिभ देखिने दरको अवस्था देखाइएको छ । पछिल्लो समय बंगलादेशमा दैनिक संक्रमण दर निकै तीव्र गतिमा बढिरहेको छ । दुई हप्ता अघिसम्म करीब ८ प्रतिशत रहेको बंगलादेशको दैनिक संक्रमण दर अहिले २२ प्रतिशतभन्दा धेरै पुगेको छ ।

दुई हप्ताअघि भारतको संक्रमण दर ३ प्रतिशत रहेकोमा अहिले ८

वांकी अन्तिम पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरू

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# प्रहरी कर्मचारी (माली) तथा प्रहरी परिवारका लागि सिपमुलक फूलकेखी तालिमा



बिराटनगर चैत्र २४ गते। १ नं. प्रदेश प्रहरी श्रीमती संघको सकृयतामा अवकास प्राप्त तथा बहालवाला प्रहरी कर्मचारीहरुका साथै प्रहरी परिवारका लागी सिपमुलक ( फूल खेती) तालिमको शुभारम्भ गरिएको छ।

प्रदेश प्रहरी कार्यालय बिराट नगरको सभाहलमा सम्पन्न उक्त तालिमको प्रदेश प्रहरी श्रीमती संघकी अध्यक्ष श्रीमती श्रीजना थापा कार्कीले पानसमा बत्ती बालेर समुद्घाटन गर्नु भएको हो।

कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै संघकी अध्यक्षा श्रीमती कार्कीले स्वरोज गारीको माध्यमबाट आत्म निर्भर हुन सहायक सिद्ध हुने कुरामा जोड दिनु हुँदै यस्ता सिपमुलक तालिमको माध्ययम बाट ब्यक्तिको क्षामता अभिवृद्धि गरी थप आय आर्जन गर्न सक्ने अभिप्रायले यस्ता तालिम संचालन गरिएको बताएका थिए।

तालिममा प्रहरी कार्यालयहरु मा फूल तथा बिरुवाहरु स्याहार सुसार गर्ने जिम्मेवारीमा रहेका प्रहरी कर्मचारीहरुलाई समेत सहभागी गराईएकोले प्रहरी कार्यालयहरुमा दक्ष जनशक्ति उत्पादन भई कार्यालयहरुलाई व्यवस्थित तरिकाले फूल सजाउने कार्य गरि अझ आकर्षक बनाउने अपेक्षा लिएको बताएका थिए।

प्रदेश प्रहरी कल्याण कोषको सहयोगमा संचालन हुने उक्त ३ दिन अवधीको सिपमुलक फूल खेती तालिममा १५ जना प्रशिक्षार्थीहरुको सहभागिता रहेको छ।

उक्त तालिम समुद्घाटन कार्यक्रममा प्रदेश प्रहरी श्रीमती संघका पदाधिकारीहरु तथा प्रहरी कर्मचारीहरुको उपस्थिती रहेको थियो।


हार्दिक मंगलमय

**शुभकामना**

**नववर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाइ, दिदी-बहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।**

भीम पराजुली (मेयर)
विराटनगर महानगर पालिका मोरंग
प्रदेश नं. १

इन्दिरा कार्की (उपमेयरं)
विराटनगर महानगर पालिका, मोरंग
प्रदेश नं. १

उद्धव अर्याल (अध्यक्ष)
विराटनर महानगर पालिका
वडा नं. १

कुमार पोखरेल (अध्यक्ष)
विराटनर महानगर पालिका
वडा नं. २

विनोद कुमार बस्नेत (अध्यक्ष)
विराटनर महानगर पालिका
वडा नं. ३

देवेन्द्र राज पोखरेल (अध्यक्ष)
विराटनर महानगर पालिका
वडा नं. ४

मिन कुमार आचार्य (अध्यक्ष)
विराटनर महानगर पालिका
वडा नं. ५

विजय कामत (अध्यक्ष)
विराटनर महानगर पालिका
वडा नं. ६

मधु बाबु तिवारी (अध्यक्ष)
विराटनर महानगर पालिका
वडा नं. ७

निश्चल अर्याल (अध्यक्ष)
विराटनर महानगर पालिका
वडा नं. ८

विश्वनाथ प्रसाद भगत (अध्यक्ष)
विराटनर महानगर पालिका
वडा नं. ९

माधव राज बाग्ले (अध्यक्ष)
विराटनर महानगर पालिका
वडा नं. १०

तिर्थेन्द्र न्यौपाने (अध्यक्ष)
विराटनर महानगर पालिका
वडा नं. ११

हिरालाल कामत (अध्यक्ष)
विराटनर महानगर पालिका
वडा नं. १२

झरी लाल महतो अध्यक्ष)
विराटनर महानगर पालिका
वडा नं. १३

महीचन यादव (का.वा.अध्यक्ष)
विराटनर महानगर पालिका
वडा नं. १४

असलम आलम (अध्यक्ष)
विराटनर महानगर पालिका
वडा नं. १५

मनोज सुब्बा लिम्बु (अध्यक्ष)
विराटनर महानगर पालिका
वडा नं. १६

समिर कमर मियाँ (अध्यक्ष)
विराटनर महानगर पालिका
वडा नं. १७

राजदेव यादव (का.वा. अध्यक्ष)
विराटनर महानगर पालिका
वडा नं. १८

बद्री नारायण सरदार (अध्यक्ष)
विराटनर महानगर पालिका
वडा नं. १९

*विराटनगर महानगर पालिका तथा वडा कार्यालय परिवार विराटनगर मोरंग*


# लागुऔषध सहित दुई पक्राउ

बिराटनगर। मोरङ र सुनसरीबाट लागूऔषध सहित २ जना पक्राउ गरिएको छ।

ईलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरी टोलीले विराटनगर महानगर पालिका वडा नं. १० दक्षिणगेटबाट बेलबारी ३ का ३३ बर्षीय बिक्रम गुरुङलाई नियन्त्रित लिएको थियो।

उनको साथवाट लागुऔषध एभिल ८ एम्पुल, लुपिजेसिक ८ एम्पुल, डाइजाल्याब ८ एम्पुल फेला परेको थियो भने ईलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरी टोलीले धरान उपमहानगर पालिका वडा नं. १५ ज्ञानचर्चमार्ग स्थितबाट खोटाङ दिप्रुङ ४ घर भई हाल धरान उपमहानगर पालका वडा नं. १५ मा डेरा गरी बस्ने २१ बर्षीय मिलन राईलाई लागूऔषध ब्राउन सुगर ९०० मिलिग्राम सहित पक्राउ गरिएको थियो।

पक्राउ परेका दुवै जना उपर थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ।

# ब्राउनसुगर सहित एक पक्राउ

झापा। लागुऔषध खैरो हिरोईन ब्राउनसुगर सहित झापाबाट एक जना पक्राउ परेका छन। पक्राउ पर्नेमा झापा कचनकबल-२ का २८ बर्षीय संजय लामा रहेका छन।

उनलाई विशेष सुराकका आधारमा जिल्ला प्रहरी कार्यालय झापाबाट खटिएको प्रहरी टोलीले कचनकबल वडा नं. २ सुकुनाडिकी स्थित एरियाबाट २५ ग्राम ५० मिलिग्राम खैरो हिरोईन ब्राउनसुगर सहित पक्राउ गरेको हो।

लामाको साथबाट ब्राउनसुगर तौलीने तराजु समेत बरामद गरिएको छ। पक्राउ परेका लामा उपर जिल्ला प्रहरी कार्यालय झापाबाट थप अनुसन्धान भईरहेको छ।

# चीनी तथा सुर्ती बरामद

बिराटनगर। अबैध रुपमा भन्सार छली गरी ल्याएको ठुलो परिमाणमा चिनी तथा सुर्ती बरामद गरिएको छ।

विशेष सुराकका आधारमा ईलाका प्रहरी कार्यालय उर्लाबारीबाट खटिएको प्रहरी टोलीले उर्लाबारी नगरपालिका वडा नं. ९ गुरूङ टोल स्थितबाट २७ बोरा चिनी र ७ बोरा खैनी फेला पारी बरामद गरेको हो।उर्लाबारी नगरपालिका वडा नं. ५ घर भई गुरूङ टोल बस्दै आएका पबन पोदारले अबैध रुपमा भन्सार छली गरी ल्याएका सामानहरु लुकाई छिपाइ राखेको भन्ने सुचना पाएपछि खटिएको प्रहरी टोलीले उनलाई नियन्त्रणमा लिई अनुसन्धान गर्ने क्रममा घर छेउमा त्रिपालले छोपेर लुकाई राखेको ७ बोरा चिनी र ४ बोरा सुर्ती फेला पारी बरामद गरेको हो।

त्यसै गरी सोही स्थान छेउमा वेरारिसे अवस्थामा रहेको २० बोरा चिनी र ३ बोरा सुर्ती समेत फेला पारी बरामद गरिएको ईलाका प्रहरी कार्यालय उर्लाबारीले जनाएको छ।

यसरी बरामद गरिएको करिब ९४ हजार ५ सय बराबरको चिनी तथा १७ हजार ५ सय बराबरको सुर्ती र मानिस सहितलाई आवश्यक कारबाहीको लागी भन्सार कार्यालयमा बुझाउने कार्य भईहरेको उक्त कार्यालयले जनाएको छ।





**कर तिरौं, राजश्व बढाऔं**

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो। त्यसैले कर तिरौं देशको राजश्व बढाऔं।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस्।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर।

**अन्तरिक राजश्व कार्यालय विराटनगर**

# सवारी दुर्घटनामा नक्कली चालक उपस्थित गराउने संका प्रतिनिधी पक्राउ

सुनसरी, चैत्र-२३ गते । सवारी दुर्घटनामा नक्कली चालक उपस्थित गराई सक्कली चालक भगाउने संघका दुईजनालाई पक्राउ गरिएको छ ।



पक्राउ पर्नेमा बिराटनगर महानगर पाकिला वडा नं. १२ का जीवन खनाल र सोही स्थानका ३३ बर्षीय नेत्र प्रसाद पाठक रहेका छन । पक्राउ परेका यी दुबै जना कोशी यातायात प्रा.ली. ईटहरीका संचाक समितिका सदस्य रहेको खुल्न आएको छ ।

चैत्र १२ गते सुनसरी कोशी गाउँपालिका वडा नं. ८ तिनकुने राजमार्गमा ना ४ ख ५२९१ नम्बरको बसले मे ६ प ८००० नम्बरको मोटरसाईकललाई ठक्कर दिदा मोटरसाईकल चालक ईलाम ८ तिल्केनीका मेख बहादुर राई सख्त घाईते भएको थियो ।

उनको बिराट नर्सिङहोममा चैत्र १३ गते उपचारको क्रममा मृत्यु भएको थियो । दुर्घटना पश्चात तत्काल चालक फरार रहेकोमा जिल्ला प्रहरी कार्यालय सुनसरीले उनको खोजी गरिरहेकोमा कोशी यातायात प्रा.ली. ईटहरीका संचालक समितिका सदस्यद्धय जीवन र नेत्र प्रसादले सिरहा लाहान वडा नं. ८ घर भई बिराटनगर बस्दै आएका अमित कुमार गुप्तालाई बसको चालक भनि उपस्थित गराएका थिए ।

यता जिल्ला प्रहरी कार्यालय सुनसरीबाट उनि माथी अनुसन्धान गर्ने क्रममा गुप्ताले आफु दुर्घटना भएको बसको चालक नभएको र मलाई ५० हजार रुपैया दिने र सम्मानित अदालतबाट छुटकारा समेत दिलाई दिने भनि आर्थिक प्रलोभनमा पारी उपस्थित गराएको जानकारी गराएसंगै घटनाको यथार्त पर्दाफास भएको हो ।

त्यसरी भ्रुक्यानमा पारी नक्कली चालक उपस्थित गराएको पाईएपछि यातायात प्रा.ली.का संचालक समितिका सदस्यद्धय जीवन र नेत्र प्रसादलाई पक्राउ गरी सार्बजनिक गरिएको हो । पिडित पक्षलाई क्रियाखर्च क्षतिपुर्ति दिलाउनु पर्ने संस्थाको जिम्मेबार कर्मचारी तथा बसका संचालक राजु थापा दायित्वबाट विमुख भई घटनालाई ढाकछोप गरि बास्तबिक चालकलाई जोगाउन खोजेको थियो ।

गलत मनसायले बचाउन खोजेको हुँदा संघका प्रतिनिधीहरु र नक्कली चालक उपर समेतलाई सवारी तथा यातायात व्यवस्था ऐन २०४९ अनुसार उनिहरु उपर कानुनी कारबाही प्रकृया अगाडी बढाईऐको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।






# गाँजा सहित एक जना पक्राउ

बिराटनगर । उर्लाबारी नगर पालिका वडा नं. ३ थापा चौक स्थितमा बस्ने ३८ बर्षीय प्रेम धिमाल लागुऔषध गाँजा सहित पक्राउ परेका छन ।

उनलाई ईलाका प्रहरी कार्यालय उर्लाबारीबाट खटिएको प्रहरी टोलीले ४ के.जी. भन्दा बढि गाँजा सहित पक्राउ गरेको हो । धिमालले घरमा गाँजा लुकाई राखेको भन्ने बिशेष सुराकका आधारमा खटिएको प्रहरी टोलीले पक्राउ गरेको थियो ।

उनको घरमा खानतलासी गर्दा खाटमुनी जेब्रा झोलामा लुकाई र खेको १/१ के.जी. को ४ पोका र खुल्ला अबस्थामा रहेको ८०० ग्राम गाँजा फेला पारी बरामद गरिएको ईलाका प्रहरी कार्यालय उर्लाबारीले जनाएको छ । उनी उपर थप अनुसन्धान भईरहेको उक्त कार्यालयले जनाएको छ ।

# ट्रिपर दुर्घटनामा १ को मृत्यु

सुनसरी, चैत्र-२३ गते । सुनसरी कोशी गाउँपालिका ६ श्रीपुर बस्ने उदय कुमार मुखिया र सोहि स्थानका बिहारी मुखियालाई ठुलो परिमाणको लागूऔषध गाँजा सहित पक्राउ गरिएको छ ।

बिशेष सुचनाको आधारमा कोशी गाउँपालिका वडा नं. ४ कोशी कटान छेउ बासझाङमा बालुवाको थुप्रोमा खाल्डो बनाई बालुवाले पुरी लुकाई छिपाई राखेको अवस्थामा लागूऔषध गाँजा ८७ के.जी. सहित उनिहरुलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

पक्राउ गरिएका दुबै जनालाई लागूऔषध नियन्त्रण ऐन, २०३३ अन्तर्गत मुद्धा दर्ता गरि अनुसन्धान भईरहेको सो कार्यालयले जनाएको छ ।

# ट्याब्लेट सहित एक पक्राउ

सुनसरी । सुनसरीको धरान उपमहानगरपालिका वडा नं. ८ बाट ठुलो परीणामको नियन्त्रीत लागुऔषध ट्याब्लेट सहित १ जना पक्राउ परेका छन् ।

धरान उपमहानगर पालिका वडा नं. ८ का २७ बर्षीय सबिन नेपालीले आफ्नै घर कोठामा लागुऔषध ट्याब्लेट लुकाई छिपाई राखेको भन्ने सूचनाका आधारमा ईलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरी टोलीले नेपालीको कोठाबाट लागुऔषध डाईलेक्स डीसी ६ बोतल र ३३६ ट्याब्लेट बरामद गरेको हो ।

लागुऔषध सहित पक्राउ परेका नेपालीको सम्बन्धमा थप अनुसन्धान भईरहेको ईलाका प्रहरी कार्यालय धरानले जनाएको छ ।

# लागुऔषध सहित एक पक्राउ

झापा । झापा दमक ५ का १८ बर्षीय अनुप धितालालाई लागूऔषध सहित पक्राउ गरिएको छ ।

मेचीनगर ६ बसपार्कबाट धितालालाई फेनरागन ३६ एम्पुल, लुपिजेसिक ३५ र डाईजेपाम ३३ एम्पुल सहित पक्राउ गरि अनुसन्धान भईरहेको ईलाका प्रहरी कार्यालय काकडभिट्टाले जनाएको छ ।

छोरा छोरी दुवै
बरावरी त्यसैले दुवैलाई
विद्यालय पठाऔं ।


हार्दिक मंगलमय

# शुभकामना

नववर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

राम कुमार कामत (अध्यक्ष)
मंजिता सरदार (उपाध्यक्ष)
कटहरी गाउँपालिका मोरंग

कैलाश प्रसाद मण्डल (अध्यक्ष)
सालो साह (उपाध्यक्ष)
जहदा गाउँपालिका मोरंग

हरिलाल सिंह (अध्यक्ष)
नसिमा वानो (उपाध्यक्ष)
धनपालथान गाउँपालिका मोरंग

बालचन्द माझी (अध्यक्ष)
अमृता कुमारी गच्छदार (उपाध्यक्ष)
बढीगंगा गाउँपालिका मोरंग

शिवनारायण माझी थारु (अध्यक्ष)
फूलकुमारी चौधरी (उपाध्यक्ष)
ग्रामथान गाउँपालिका मोरंग

रोहित कार्की (अध्यक्ष)
शान्ति कुमारी लिम्बु (उपाध्यक्ष)
केरावारी गाउँपालिका मोरंग

देवी प्रसाद आचार्य (अध्यक्ष)
सरला राई (उपाध्यक्ष)
मिक्लाजुङ गाउँपालिका मोरंग

ताराबहादुर काफ्ले (अध्यक्ष)
रामकुमारी इंगनाम (उपाध्यक्ष)
कोनेपोखरी गाउँपालिका मोरंग

दिलीप कुमार अग्रवाल (मेयर)
केसव कुमारी खराल (उपामेयर)
रंगेली नगरपालिका, मोरंग

काली प्रसाद दास (मेयर)
मंजु कुमार राई (उपाध्यक्ष)
सुनवर्सी नगरपालिका, मोरंग

शिव प्रसाद ढकाल (मेयर)
धनमाया तामाङ (उपमेयर)
सुन्दर हरैचा नगरपालिका, मोरंग

खड्ग फागो (मेयर)
लक्ष्मी भण्डारी (उपमेयर)
उर्लावारी नगरपालिका, मोरंग

किशोर राई (मेयर)
यमुना विष्ट (उपमेयर)
पथरी-शनिश्चरे नगरपालिका, मोरंग

ज्ञानेन्द्र सुवेदी (मेयर)
ढाका कुमारी पराजुली (उपमेयर)
बेलवारी नगरपालिका, मोरंग

रविन राई (मेयर)
दन्त देवी चुडाल (उपमेयर)
रतुवा माई नगरपालिका, मोरंग

शंकर राई (मेयर)
कृष्ण कुमारी निरौला (उपमेयर)
लेटाङ्ग नगरपालिका, मोरंग

नगरपालिका तथा गाउँ पालिका
परिवार मोरंग



## सूचना सूचना सूचना

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो । यसरी रुखहरु काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।

सडक डिभिजन विराटनगर, प्रदेश नं. १



## कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के-के हुन सक्छन् ?**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रो हुनु ।

**3. यसबाट बच्न के-के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

सुनबर्सी नगरपालिका मोरंग प्रदेश नं. १

# नेपालमा फैलिँदै गएको कोरोनाको 'यूके भेरियन्ट' कस्तो हो ?

डा.शेरबहादुर पुन

लकडाउनपश्चात् संक्रमण व्यापक देखिएका ठाउँमा संक्रमित संख्या विस्तारै त घट्यो तर सोही समयमा 'केन्ट' भन्ने ठाउँमा संक्रमण अचम्म तरिकाले बढ्यो ।

केन्ट काउन्टीबाट संक्रमण विस्तारै बेलायतको अन्य ठाउँमा पनि फैलिँदै गयो। पछि 'जिनोमिक सिक्वेन्सिङ' गर्दा अत्यधिक म्युटेन भएको नयाँ भेरियन्ट भाइरस भएको पत्ता लाग्यो। जसलाई अहिले 'यूके भेरियन्ट' अर्थात 'द्य.ज्ञ.ज्ञ.ठ' को नामले चिनिन्छ ।

केन्ट भन्ने ठाउँमा सुरूमा देखिएकाले यो भेरियन्टलाई 'केन्ट भेरियन्ट' पनि भनिने गरिन्छ।

सेप्टेम्बर अन्तिमतिर देखापरेको यो नयाँ भेरियन्ट डिसेम्बरको मध्यसम्म आइपुग्दा लन्डन सहरमा भेटिएका संक्रमितमध्ये दुईतिहाइमा देखापरिसकेको थियो ।

'यूके भेरियन्ट' अघिल्लो भेरियन्टभन्दा तीव्र गतिमा फैलिनसक्ने वैज्ञानिकहरूको अनुसन्धानले देखाएको थियो। जसका कारण विश्व नै तरंगित बनेको थियो ।

'यूके भेरियन्ट' फैलिन थालेपछि नेपाललगायत विश्वका विभिन्न देशहरूले तत्काल बेलायत आवतजावतमा प्रतिबन्धको घोषणा गऱ्यो। तर पनि नेपालमा बेलायतबाट आएकामा 'यूके भेरियन्ट' को भाइरस देखिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गत माघ ५ गते विज्ञप्तिमार्फत् जानकारी गरायो। त्यो नै 'यूके भेरियन्ट' पहिले भित्रिएको आधिकारिक पुष्टि हो ।

सामान्यतया पिसिआर परीक्षणमा 'एस जीन' सँगै अन्य दुइटा जीन पनि हेर्ने गरिन्छ। यदि 'एस जीन' बाहेक अरू दुइटा जीनमात्र देखिए 'यूके भेरियन्ट' को कोरोनाभाइरस रहेको शंका गरिन्छ।

नेपालमा पनि बेलायतबाट फर्केका संक्रमितहरूको नमूनाको पिसिआर परीक्षण गर्दा 'एस जीन' नदेखिएपछि जिनोमिक सिक्वेन्सिङ गर्दा 'यूके भेरियन्ट' रहेको पुष्टि भयो ।

'यूके भेरियन्ट' अघिल्लो भेरियन्टभन्दा ४३ देखि ९० प्रतिशतसम्म तीव्र गतिमा फैलिनसक्ने यूके, अमेरिकी तथा बेल्जियमका अनुसन्धानकर्ताहरूले विश्वप्रसिद्ध 'साइन्स जर्नल' मा प्रकाशित गरेका थिए ।

बेलायतमा पनि यो भेरियन्ट अघिल्लो भेरियन्टलाई छोटो समयमा प्रतिस्थापन गरेकोबाट पनि यसको तीव्रताको अड्कल गर्न सकिन्छ ।

भारतमा पनि केही सातायता कोरोना संक्रमितको ग्राफ उकालो लाग्ने क्रम तीव्र छ। त्यहाँ पनि संक्रमितमध्ये ९५ प्रतिशतमा 'यूके भेरियन्ट' नै रहेको देखिएको छ ।

भारतमा 'यूके भरियन्ट' फैलिँदै जाँदा नेपालमा पनि भारतबाट आउनेमा 'यूके भेरियन्ट' को जोखिम बढ्दै गएको छ ।

हुन त नेपालमा 'यूके भेरियन्ट' पुष्टि भएको लगभग तीन महिना पुग्न लाग्दा पनि यसको अवस्थाको बारेमा आधिकारिक जानकारी सार्वजनिक भएको देखिँदैन ।

तर पछिल्लो केही दिनयता संक्रमितको संख्या बढ्दै गइरहँदा संक्रमितमा 'एस जीन' नेगेटिभ देखिएको भन्ने कुरा आइरहेको छ। यसले नेपालमा पनि 'यूके भेरियन्ट' फैलिँदै गइरहेको संकेत गर्छ ।

तर 'एस जीन' नेगेटिभ देखिँदैमा 'यूके भेरियन्ट' नै हुन्छ भन्ने छैन। त्यसैले त्यसको यकिन गर्न जिनोमिक सिक्वेन्सिङ आवश्यक पर्छ। तर भाइरसमा देखिएको म्युटेसन अनुसार रिएजेन्ट अत्यावधिक गरेर पिसिआरबाटै पनि 'यूके भेरियन्ट' पत्ता लगाउन सकिन्छ ।

हालै 'जेचर जर्नल' मा 'यूके भरियन्ट' अघिल्लो भेरियन्टभन्दा बढी घातक भएको नतिजा प्रकाशित भएको छ ।

अनुसन्धानकर्ताहरूले पनि नयाँ भेरियन्ट पहिलेको भन्दा ६१ प्रतिशत बढी घातक भएको नतिजा निकालेका थिए ।

हाल कोरोनाको मृत्युदरलाई रोक्ने एक मात्र निर्विकल्प उपाय भनेको खोप नै हो। तर भाइरसको निरन्तर आफ्नो स्वरूपमा परिवर्तन गरिराख्ने हुँदा त्यसले खोपको प्रभावकारितालाई पनि चुनौती दिनसक्ने छ ।

हालै अक्सफर्ड विश्वविद्यालयका वैज्ञानिकहरूले उनीहरूले विकास गरेका खोप 'यूके भेरियन्ट' विरूद्ध प्रभावकारी नै देखिएको भनेका छन्। जुन हाम्रो लागि पनि शुभ खबर हो। किनभने नेपालमा पहिलो चरणमा लगाएको कोभिसिल्ड खोप पनि अक्सफर्ड विश्वविद्यालय तथा एक्स्ट्रजेनकाले नै विकास गरी भारतको सेरम इन्स्टिच्युटले उत्पादन गरेको हो ।

अन्तमा केही दिनयता स्वास्थ्य मन्त्रालयले 'एस जीन' नदेखिएका संक्रमितहरू बढ्दै गइरहेको भन्ने जानकारी दिएको छ । अर्थात 'यूके भेरियन्ट' का संक्रमित नेपालमा पनि बढ्दै गइरहेको हुनसक्ने प्रबल सम्भावना देखिन्छ ।

'यूके भेरियन्ट' नेपालमा पनि फैलिँदै गए र मानिसहरूले जनस्वास्थ्यका मापदण्ड पालना गर्न अटेर गरे केही समयभित्रै यसले अघिल्लो भेरियन्टलाई प्रतिस्थापन गर्नेछ ।

हाल समुदायमा ठूलो संख्याले खोप लगाइनसक्केको अवस्थामा 'यूके भेरियन्ट' ले तीव्रता पाए पहिलो लहरमा देखिएझैं मानवीय क्षति फेरि नदोहोरियला भन्न सकिँदैन। तसर्थ सचेत, सतर्कता र जनस्वास्थ्यका मापदण्ड अपनाऔं ।

(पुन क्लिनिकल रिसर्च युनिट शुक्रराज ट्रोपिकल तथा सरुवा रोग अस्पतालका डाक्टर हुन् ।) सेतोपाटीबाट

## जुवा खेल्ने नौ जना पक्राउ

झापा । झापा गौरादह नगरपालिका वडा नं. ३ बस्ने भक्त बहादुर बर्देवाको घरबाट जुवा खेलिरहेका ९ जनालाई कौडा र नगद सहित पक्राउ गरिएको थियो ।

सोमबार बिशेष सुचनाको आधारमा प्रहरीले घर धनि बर्देवा सहित गौरादह वडा नं. २ का ३२ बर्षीय निर्मल थापा, गौरादह वडा नं. ३ का ३५ बर्षीय अंकित कार्की, सोही स्थानका ३८ बर्षीय सुरेश भण्डारी, गौरादह वडा नं. ४ का ३६ बर्षीय मोहन खरेल, कनकाई ३ का ४० बर्षीय राम प्रसाद खतिवडा, सोही स्थानका ४२ बर्षीय ईश्वर खतिवडा, कन्काई वडा नं. ७ का ४६ बर्षीय बिष्णु प्रसाद उप्रेती र दमक ७ का ३८ बर्षीय निर बहादुर सुनुवारलाई पक्राउ गरेको थियो ।

उनीहरुलाई जुवा खेलीरहेको अवस्थामा १६ थान कौडा, कौडामा प्रयोग हुने पाउडर थान १ र नगद रु ६९ हजार ४ सय २० सहित पक्राउ गरि अनुसन्धान भईरहेको ईलाका प्रहरी कार्यालय दमकले जनाएको थियो ।

## ब्राउन सुगर सहित दुई पक्राउ

झापा । झापा मेचीनगर नगर पालिका ६ स्थित गैरीगांउ स्थितबाट सोमबार बेलुका साढे ५ बजे लागूऔषध ब्राउन सुगर सहित २ जनालाई पक्राउ गरिएको छ ।

पक्राउ पर्नेमा कन्काई ३ का ३६ बर्षीय रोसन यादब र कन्काई ५ का २१ बर्षीय समिर लिम्बु रहेका छन् । उनिहरुलाई ४ ग्राम लागूऔषध ब्राउन सुगर सहित नियन्त्रणमा लिई अनुसन्धान भईरहेको ईलाका प्रहरी कार्यालय काकडभिट्टाले जनाएको छ।

## आगलागीबाट २५ लाखको क्षति

विराटनगर । मोरङ र तेह्रथुममा भएको आगोलागीबाट २५ लाख भन्दा बढीको क्षेती भएको छ ।

मङगलबार मोरङ पथरी शनिश्चरे नगरपालिका वडा नं. १० त्रिबेणी चोक बस्ने भिम बहादुर राईको काठको दुई तले घरमा बिजुली तार सर्ट भई आगोलागी हुँदा अन्दाजी १५ लाख बराबरको धनमाल जली नष्ट भएको छ ।

उक्त आगो दमकल, प्रहरी र स्थानियबासीको सहयोगमो नियन्त्रणमा आएको ईलाका प्रहरी कार्यालय पथरीले जनाएको छ ।

त्यस्तै मंगलबार दिउँसो तेह्रथुम छथर वडा नं. ५ स्थित डोप्किले देउराली सामुदायिक बनमा लागेको आगो हावाहुरीले उडाइ सोही स्थानका अग्नि नेपालीको घर र गाईगोठमा आगोलागी हुँदा अन्दाजी १० लाख २० हजार बारबरको धनमाल जली नष्ट भएको छ ।

उक्त आगो प्रहरी र स्थानियबासीको सहयोगले नियन्त्रणमा आएको जिल्ला प्रहरी कार्यालय तेह्रथुमले जनाएको छ । सो आगोलागीबाट मानबिय तथा चौपाय क्षेती नभएको स्रोतले जनाएको छ ।

## बोलेरो दर्घटनामा तीनको मृत्यु

ओखलढुङगा । ओखलढुङगा मानेभञ्ज्याङ वडा नं. ४ धुसेनि स्थित भित्रि सडक खण्डमा बोलेरो दुर्घटना हुँदा ४ जना सवार मध्ये ३ जनाको मृत्यु र १ जना गम्भिर घाईते भएका छन् ।

मृत्यु हुनेमा बोलेरोमा सवार मानेभञ्ज्याङ-४ धुसेनि बस्ने ७१ बर्षीया बिनामाया आलेमगर, सोही स्थान बस्ने ५० बर्षीय टुल्कीमाया आलेमगर र सोही स्थान बस्ने ५ बर्षीया बालिका डोल कुमारी आलेमगर रहेका छन् ।

धुसेनि तर्फ जादै गरेको ना १ ज ८३३२ नम्बरको बोलेरो आफै अनियन्त्रीत भई सडकबाट अन्दाजी ७ सय मिटर तल खसी दुर्घटना हुँदा गम्भिर घाईते भएका डोल कुमारीको जिल्ला अस्पताल रुम्जाटारमा उपचारको क्रममो मृत्यु भएको थियो भने बिनामाया र टुल्कीमायाको सोही अस्पतालमा पछि मृत्यु भएको थियो ।

उक्त दुर्घटनामा गम्भिर घाईते भएका बोलेरो चालक सिद्धिचरण १० बस्ने २६ बर्षीय कमल बहादुर थापामगरलाई थप उपचारको लागी एम्बुलेन्सद्धारा काठमाडौ पठाईएको जिल्ला प्रहरी कार्यालय ओखलढुङगाले जनाएको छ ।

## प्रतिबन्धित लागु औषधी सहित तीन जना पक्राउ

बिराटनगर । प्रतिवन्धीत लागु औषध ब्राउन सुगर सहित प्रहरीले तीन जनालाई पक्राउ गरेका छ।

ईलाकाप्रहरी कार्यालय उर्लाबारीबाट खटिएको गस्ती टोलीले शनिवार जिल्ला मोरङ उर्लाबारी नगर पालिका वडा नं. ४ आइतबारेबाटी मानिसहरूलाई बाटोमा हिँड्दै गरेको अवस्थामा शंका लागि निजहरूलाई चेक जाँच गर्दा निज व्यक्तिहरूको साथबाट अवैध लागू औषध ब्राउनसुगर ३६० मिली ग्राम फेला परेका थियो ।

पक्राउ पर्नेहरुमा जिल्ला मोरङ उर्लाबारी नगरपालिका वडा नम्बर ४ बस्ने वर्ष २२ को प्रबिन आचार्य, १९ की आयुषा लिम्बु, वर्ष २१को विषाल लिम्बु रहेका थिए ।



निजहरूलाई नियन्त्रणमा लिई ईलाका प्रहरी कार्यालय उर्लाबारीमा ल्याई लागू औषध कसूरमा थप अनुसन्धान कार्य भई रहेको प्रहरीले जनाएको छ ।

त्यसैगरी मोरङ बिराटनगर महानगरपालिका वडा नं. १५ हुलास चोक स्थितबाट १ जनालाई लागूऔषध नाईट्राभेट सहित पक्राउ गरिएको छ ।

पक्राउ पर्नेमा पथरी शनिश्चरे नगरपालिका वडा नं. ९ का २२ बर्षीय कुसुवार माझी रहेका छन् ।

उनलाई लागूऔषध नाईट्राभेट १ सय २१ चक्की सहित नियन्त्रणमा लिई अनुसन्धान भईरहेको ईलाका प्रहरी कार्यालय रानीले जनाएको छ ।

## करेन्ट लागेर एक जनाको मृत्यु

सुनसरी । सुनसरीको ईटहरी उप-महानगरपालिका-५ मा आज बिहान करेन्ट लागेर १ जनाको मृत्यु भएको छ । ललितपुर महाकाल गाउँपालिका-४ घर भई ईटहरीको डिसहोमको कार्यालयमा कार्यरत २४ बर्षीय जितेश दुलालको करेन्ट लागेर मृत्यु भएको हो ।

बिहान पौने १२ बजेको समयमा डिसहोमको फाईबर तार टाङने क्रममा बिद्युतको तारमा छुन गई करेन्ट लागेर घाईते भएका दुलाललाई उपचारको लागी बिराटनगरको नर्सिंहहोम लगिएकोमा उपचारको क्रममा मृत्यु भएको तथा घटना सम्बन्धमा थप अनुसन्धान भईरहेको ईलाका प्रहरी कार्यालय ईटहरीले जनाएको छ ।

## चट्याङमा परी तीन घाईते

विराटनगर, चैत्र-२७ गते । बिहीबार बेलुका बर्षा सगै परेको चट्याङबाट छुट्टा छुट्टै स्थानका ३ जना मानिस घाईते भएका छन् । संखुवासभा मकालु ५ नुम बजार २३ बर्षीय लिला बहादुर दर्जी आफ्नै घरमा बसी रहेको अवस्थामा चट्याङमा परी घाईते भएका थिए ।

हाल उनको प्राथमिक स्वास्थ्य केन्द्र नुममा उपचार भईरहेको जनाएको छ । त्यस्तै सुनसरी भोक्राहा नरसिंह उल्टी बस्ने १७ बर्षीया सलिना खातुन आफ्नै घरमा बसी रहेको अवस्थामा चट्याङमा परी

वांकी अन्तिम पेजमा...







## विराटनगर महानगरपालिकाको सूचना

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔँ ।
- उपभोक्ता हित संरक्षणमा चनाखो बनौँ ।
- छाला भएको मासु नखाऔँ र विक्री तिवरणमा समेत निरुत्साहित गरौँ ।
- आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौँ ।
- छाडा चौपायाको नियन्त्रण गरौँ , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- सडक तथा पेटीकीनारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौँ तथा व्यापार व्यवसाय नगरौँ ।
- बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौँ ।
- सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौँ ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔँ ।
- बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौँ बालश्रम शोषण मुक्त नगरको स्थापना गरौँ।
- बालश्रम शोषण समाजिक अपराध हो ।
- विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौँ।
- सार्वजनिक स्थलमा जतातते फोहोरमैला नफालौँ ।



## कर तिरौ, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएरसम्मान पाउने अवसर पनि हो । त्यसैलेकर तिरौ देशको राजश्व बढाऔं ।

स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएरव्यवसायी सञ्चालन गर्नुहोस् । लेखा राखौ हिसाबमा भर, हचुवामै नतिरौ कर । कर्तव्य ठानेर कर तिरौ नव नेपाल निर्मामामा सभागी बनौ । सामान किनौ गतिलो ठानेर बिल मागौ अधिकार ठानेर ।

नेपाल सरकार
आन्तरिक राजश्वकार्यालय विराटनगर